bhanjyangnews.com

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित

# भञ्ज्याङ

राष्ट्रिय दैनिक

BHANJYANG NATIONAL DAILY




वर्ष ४१ अंक ३५ | २०७९ जेठ १० गते मंगलबार, नेपाल सम्वत् ११४२ May 24, 2022 | पृष्ठ ४ | मूल्य : रू. ५/-



**नवनिर्वाचित जनप्रतिनिधिको शपथग्रहण :** वैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचन २०७९ बाट तनहुँको बन्दिपुर गाउँपालिकाका नवनिर्वाचित उपाध्यक्ष, वडाध्यक्ष तथा सदस्यहरूलाई शपथ खुवाउँदै गाउँपालिकाका नवनिर्वाचित अध्यक्ष सुरेन्द्र बहादुर थापा। *तस्विर : भञ्ज्याङ*

# तनहुँमा जोशी समुह चुनाव जित्न असफल, कांग्रेसलाई हल्लाउन सफल

**सविन लामिछाने**/तनहुँ

छोरा दिपकराज जोशीलाई व्यास नगरपालिकाको मेयर बनाएर रामचन्द्र पौडेलसँगको इगो मेट्ने र आफ्नो राजनीतिक विरासत जोगाउने पूर्वमन्त्री गोविन्दराज जोशीको प्रयासमा तत्कालका लागि ब्रेक लागेको छ । तर पौडेल र जोशीको टकराव झन गहिरिने संकेत भने अहिलेको स्थानीय तहको मतपरिणामले देखाएको छ ।

जोशीले १७ वर्षदेखि अमेरिकामा बस्दै आएका छोरा दीपकलाई फिर्ता बोलाएर तनहुँको व्यास नगरपालिकामा मेयर उठाएका थिए । जोशीको पुर्ख्यौली थातथलो भानु नगरपालिकामा पर्ने भएपनि दीपकको मतदाता नामावली व्यासमा सारिएको थियो । यसको कारण थियो, कांग्रेस नेता रामचन्द्र पौडेलको पालिकामा चुनाव जित्ने, पौडेललाई कमजोर बनाउने र राजनीतिक विरासत जोगाउने । कांग्रेस नेता पौडेलको पुर्ख्यौली गाउँ व्यास-८ को रिस्ती हो ।



नेकपा एमालेको समेत समर्थन पाएका मेयरका उम्मेदवार जोशीले ११ हजार ८२६ मत पाएका छन्। तर नेपाली कांग्रेसका बैकुण्ठनाथ न्यौपानेसँग २५२ मत अन्तरले पराजित भएका छन् ।

मेयर जिते पनि गर्व गर्ने स्थिति नभएको कांग्रेस नेताहरू बताउँछन्। कांग्रेस तनहुँका एक नेता भन्छन्, 'प्राविधिक रूपमा हारे पनि जोशीले गजब भोट ल्याए । हामीले जित्यौं भनेर गर्व गर्ने स्थिति रहेन ।'

हुन त जोशीले पाएको मतमा एमालेको पनि मत छ । अघिल्लो चुनावमा एमालेका शंकरनारायण श्रेष्ठले ९ हजार ५९२ मत ल्याएका थिए । यो पटक एमालेले जोशीलाई समर्थन गऱ्यो ।

पूर्वमन्त्री गोविन्दराज जोशीको राजनीति जोगाउन मत दिनेहरू पनि प्रशस्तै थिए । रामचन्द्र पौडेलसँग असन्तुष्ट कांग्रेस नेता कार्यकर्ताको मत जोशीलाई गएको कांग्रेस नेताहरू बताउँछन् ।

कांग्रेस, तनहुँका सचिव लक्ष्मीभक्त खनाल मेयरमा मत कम आउनुलाई पार्टीप्रतिको असन्तुष्टिकै रूपमा बुझ्ने बताउँछन् । 'मत कम आउनु भनेको पार्टीप्रति जनताले असन्तुष्टी देखाएको रूपमा बुझिन्छ,' उनले भने, 'टिकट वितरणमा असन्तुष्ट बनेकाकै कारण यस्तो भएको हो ।' सूर्य चिन्हबाहेकमा झरेका भोट कांग्रेसको रहेको भन्दै उनले असन्तुष्टीकै कारण कांग्रेसको भोट बाँडिएको बताए ।

**पौडेल-जोशीको पुरानै दुश्मनी**

तनहुँ कांग्रेसका नेताहरूका अनुसार गोविन्दराज जोशी र रामचन्द्र पौडेलबीच कहिल्यै सौहार्दपूर्ण सम्बन्ध रहेन। तर २०७० को चुनावमा टिकट नपाएपछि उनीहरूको सम्बन्ध 'दुश्मनी'मा परिणत भयो । २०६६ मा भ्रष्टाचारको मुद्दामा विषेश अदालतबाट दोषी ठहर भएपछि राजनीतिक रूपमा कमजोर बनेका जोशीको साटो कांग्रेसले शंकर भण्डारीलाई टिकट दिएको थियो।

तर पौडेलले आफ्नो टिकट खोसेको भन्दै जोशीले २०७४ पौडेलविरूद्ध बागी उम्मेदवारी दिए। पौडेलले निर्वाचन आयोगमा उजुरी दिएर जोशीको उम्मेदवारी खारेज गराए भने कांग्रेसमार्फत पार्टीको साधारण सदस्य समेत नरहने गरी निष्काशनको निर्णय गराए । त्यसयता जोशी पौडेलको पनि राजनीति सिध्याउँछु भनेर लागेको कांग्रेस नेताहरू बताउँछन् ।

पौडेललाई हराउन २०७४ मा जोशीले एमाले उम्मेदवार कृष्णकुमार श्रेष्ठलाई समर्थन गरे, जसमा उनी सफल पनि भए। श्रेष्ठ ३४ हजार ४९२ मतसहित प्रतिनिधि सभा सदस्यमा विजयी भए भने निकटतम प्रतिद्वन्द्वी पौडेलले २७ हजार ६९० मत मात्र पाए ।

यो पटक उनले इगो मेट्ने र विरासत पनि जोगाउन प्रयासमा छोरालाई अघि सारे । 'बाबुको इगोका लागि चुनाव लड्न दीपक पनि तयार भए' तनहुँ कांग्रेसका एक नेता भन्छन् । मेयरमा पराजित जोशी पनि त्यसलाई अस्वीकार गर्दैनन्। भन्छन्, 'गोविन्दराज जोशीलाई जुन किसिमले व्यवहार भयो, त्यसको जवाफ दिएको हो। तर यो मात्र होइन ।'

कुनै पनि शहरको मेयर हुन चाहिने आधार पनि आफूसँग भएको उनको दाबी छ । तर इमान बेचेर चुनाव जित्नुभन्दा पटकपटक चुनाव हार्नुपर्छ भन्ने मान्यता लिएर राजनीतिमा आएकाले कति भोटले हारजित भयो नहेरेको जोशी बताउँछन्। मतदानका क्रममा आक्रमण भएपछि उपचारका लागि हाल काठमाडौंमा रहेका उनी छिट्टै तनहुँ फर्किने र 'समानान्तर संरचना' बनाउने र जनप्रतिनिधिहरूले गरेको कामकारबाहीको निरन्तर निगरानी गर्ने बताउँछन् । भन्छन्, 'मेरो विकल्प भनेको त्यही जाने हो, त्यहीका वेथितीविरूद्ध लड्ने हो ।'

**अझै गहिरिने छ कटुता**

कांग्रेस नेताहरूको विश्लेषणमा पनि तनहुँमा जारी पौडेल-जोशीको कटुता अझ बढ्ने देखिन्छ । किनकी जोशीले मेयरमा जति मत पाएका छन्, त्यसबाट उनले आफू जित नजिक पुगेको वा शक्ति आर्जन गरेको महसुस गरेको देखिन्छ । 'धेरै मत मात्र पाएको भए नसकिने रहेछ भनेर पलायन हुन्थे होला । तर अब त्यो स्थिति रहेन,' एक नेता भन्छन्, 'कांग्रेसमा अझ रियाक्ट गराएर अझ मान्छे

बाँकी तेश्रो पेजमा

## कांग्रेस व्यास नगर समितिको विजय उत्सव

# जनप्रतिनिधि शासक होइन सेवक बन्नुपर्छ : कांग्रेस नेता पौडेल

**भञ्ज्याङ समाचारदाता**/दमौली

नेपाली कांग्रेसका बरिष्ठ नेता रामचन्द्र पौडेलले जनप्रतिनिधि शासक नभई जनताको सेवक बन्नुपर्ने बताएका छन् । नेपाली कांग्रेस व्यास नगर समितिले सोमबार बिहान दमौलीमा आयोजना गरेको विजय ऱ्याली पछिको कोणसभालाई सम्बोधन गर्दै उनले जनताको शिर उच्च राख्दै



जनप्रतिनिधिले जनताको सेवा गर्नुपर्ने बताए ।

'हामीले जनतालाई गाउँमै बसौबसौ बनाउन राजनीति गरेका हौं, त्यो अभियानमा हामी सबै लाग्नुपर्छ', उनले भने, 'तनहुँलाई नमुना जिल्ला बनाउँछौं, हाम्रो राजनीति भनेको सम्पूर्ण जनतालाई गाउँमै बसौबसौ बनाउने लक्ष्य हो।'

उनले राष्ट्रमा राजनीतिक स्थायीत्व, सुशासन ल्याउने विकास अगाडि बढाउन, सामाजिक न्याय कायम गरेर नेपाललाई सफल बनाउने अभियानमा आफु लागेको बताएका छन् ।

गठबन्धनकै कारण कांग्रेसले धेरै सिट हासिल गरेको दाबी गर्दै वरिष्ठ नेता पौडेलले भने, 'देशको विकास लागि यो गठबन्धन भएको हो। राष्ट्रियता र प्रजातन्त्रको रक्षार्थ, परिवर्तनका लागि गठबन्धनको आवश्यकाता छ। यो गठबन्धन स्थानीय चुनावमा मात्र नभई आउँदा चुनावमा पनि कायम रहन्छ।'

यस्तै, कांग्रेसका केन्द्रीय सदस्य गोविन्द भट्टराईले अब कांग्रेस सकियो, अब पचास वर्षसम्म कांग्रेस उठ्न सक्दैन भन्नेहरू अहिले पाओ पछारिएजस्तै गरी पछारिएको बताए । 'अहिले कांग्रेस सर्वाधिक ठूलो पार्टीको रूपमा अगाडि आएको छ', उनले भने, 'तालमेल नमिल्दा हिजो चाहेका कुनै पनि काम गर्न सकिएन । अब स्थानीय, प्रदेश र संघमा तालमेल गरी विकासको कामलाई जुरूक्क उठाउँछौं । अब विकास कसरी गर्नुपर्छ भन्ने कुरा यो पाँच वर्षमा अन्य दललाई पनि कांग्रेसले सिकाउँछ ।'

तनहुँको व्यास नगरपालिकाको प्रमुख पदमा कडा प्रतिस्पर्धाका बीच नेपाली कांग्रेसका उम्मेदवार वैकुण्ठनाथ न्यौपाने पुनः दोश्रो कार्यकालका लागि

बाँकी तेश्रो पेजमा

# तनहुँका दशमध्ये पाँचमा कांग्रेस, चारमा एमाले, एकमा माओवादी

**भञ्ज्याङ समाचारदाता**/दमौली

स्थानीय तह निर्वाचन अन्तर्गत तनहुँका दशवटै पालिकाको मतपरिणाम सार्वजनिक भएको छ। व्यास नगरपालिकाको मतगणना आइतबार राति सम्पन्न भएपछि जिल्लाका सबै पालिकाको नतिजा आएको हो । जिल्लाका चार नगरपालिका र छ गाउँपालिकामध्ये नेपाली कांग्रेसले पाँच, नेकपा एमालेले चार र नेकपा माओवादी केन्द्रले एक पालिका जितेको छ । नेपाली कांग्रेसले व्यास नगरपालिकाको प्रमुख र उपप्रमुख, भानु नगरपालिकाको प्रमुख र उपप्रमुख, शुक्लागण्डकी नगरपालिकाको प्रमुख, ऋषिङ गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष, देवघाट गाउँपालिकाको अध्यक्ष जितेको छ ।

त्यस्तै कांग्रेसले बन्दीपुर गाउँपालिकाको उपाध्यक्ष, म्याग्दे गाउँपालिकाको उपाध्यक्षमा विजय हासिल गरेको छ । नेकपा एमालेले घिरिङ गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष, म्याग्दे गाउँपालिकाको अध्यक्ष, भीमाद नगरपालिकाको प्रमुख र उपप्रमुख, बन्दीपुर गाउँपालिकाको अध्यक्षमा विजय हासिल गरेको छ। नेकपा माओवादी केन्द्रले आँबुखैरेनी गाउँपालिकाको अध्यक्ष र उपाध्यक्ष, शुक्लागण्डकी नगरपालिकाको उपप्रमुख, देवघाट गाउँपालिकाको उपाध्यक्षमा विजय हासिल गरेको छ ।

नेपाली कांग्रेसबाट व्यास नगरपालिकाको प्रमुखमा बैकुण्ठ न्यौपाने र उपप्रमुखमा इन्दिरा दरै, भानु नगरपालिकाको प्रमुखमा आनन्दराज त्रिपाठी र उपप्रमुखमा उमा गोतामे, शुक्लागण्डकी

बाँकी तेश्रो पेजमा

## सम्पादकीय .........

www.bhanjyangnews.com

# पर्यटन प्रवर्द्धनको खाँचो

स्थानीय तह सदस्य निर्वाचन २०७९ को तनहुँका सबै पालिकाको अन्तिम मत परिणाम सार्वजनिक भइसकेको छ । निर्वाचित जनप्रतिनिधिहरूले शपथग्रहण गरी आ–आफ्नो पालिकामा पदभार ग्रहण पनि गरेका छन् । निर्वाचनका कारण सुस्ताएको पर्यटन क्षेत्रलाई अब नवनिर्वाचित जनप्रतिनिधिले चलायमान बनाउने कार्यक्रम अगाडि ल्याउनुपर्ने देखिएको छ । तनहुँ ग्रामीण पर्यटनको हब हो । पर्यटकीय गतिविधि मार्फत जिल्लालाई समृद्धि बनाउने लक्ष्यका साथ स्थानीय पालिकाहरूले सोही अनुसार पूर्वाधारहरू पनि तयार गर्दै गएका छन् । तर, कोभिड–१९ संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि भन्दै गरिएका बन्दाबन्दी जस्ता गतिविधिले पर्यटकीय क्षेत्र थल परेको छ । कोरोना कहरको चपेटामा परेको तनहुँको पर्यटन क्षेत्र विस्तारै लयमा फर्कन थालेका पनि छन् । पर्यटकीय स्थलहरूमा आन्तरिक पर्यटकहरूको चहलपहल बिस्तारै बढ्दै पनि जान थालेको छ । कोरोना संक्रमण रोकथाम तथा न्यूनिकरणका लागि भन्दै गरिएको बन्दाबन्दी, निषेधाज्ञाले पर्यटन क्षेत्र पनि नराम्रोसंग थल पर्‍यो । अहिले कोरोना संक्रमण दर केही घट्दै गएको र खोपको दायार पनि बढ्दै गएपछि होटल तथा पर्यटन क्षेत्र खुल्दै गएका छन् । पर्यटकीय नगरी बन्दिपुर पनि कोरोनाको चपेटामा नराम्रोसंग पर्‍यो । कोरोना संक्रमण फैलिएसंगै बन्द भएका यहाँको पर्यटकीय गतिविधि विस्तारै लयमा फर्कन थालेका छन् । पाहुनाको स्वागतमा आतुर रहने बन्दिपुर करिब तीन वर्ष पूर्णरूपमै बन्द हुन पुग्यो । गत असार महिना यता निषेधाज्ञा खुकुलो भएपनि बन्दिपुरमा पर्यटक नपुग्दा निराश बनेका पर्यटन व्यवसायीहरू दसैं पर्वसंगै आन्तरिक पर्यटकको आगमनले उत्साहित बन्ने पनि त्यो उत्साहलाई पुनः कोरोना नयाँ भेरियन्ट सहितको संक्रमणले निराश बनायो । अहिले सबैको पहुँचामा कोरोना विरूद्धको खोप पुगेको र संक्रमण दर पनि घट्दै गएका कारण अब पर्यटकीय गतिविधि बढाउनुपर्ने व्यवसायीले आग्रह गर्दै आएका छन् । पहिलो चरणमा कोरोनाको जोखिम बढेपछि २०७६ चैत्रदेखि बन्दिपुरको पर्यटन सुस्ताएको थियो । गत वर्षको दसैंपछि बन्दिपुरको पर्यटन चलायमान हुँदैगर्दा दोस्रो लहरको कोरोना फैलिएर गत बैशाखदेखि फेरि बन्द हुन पुगेको थियो । पुनः तेश्रो लहरको कोरोनाले पर्यटन क्षेत्र थल पर्‍यो । बन्दिपुरमा पर्यटन लक्षित व्यवसायका लागि करोडौं रूपैयाँ लगानि भएको छ । होटल तथा भौतिक पूर्वाधारमा ठूलो लगानि गरेपनि कोरोना कहरको चपेटामा पर्दा बैंकको ऋण तिर्न नसकेको व्यवसायीहरूको गुनासो छ ।

सरकार तथा सरोकारवाला निकायले कर तथा बैंक ऋण चुक्ता गर्ने समयअवधि थप जस्ता सहुलियत दिए राहत पुग्ने व्यवसायीको माग छ । कोरोनाको प्रभावले बन्दिपुरको पर्यटन थला पर्दा व्यवसायीलाई बैंकको ऋण र घरभाडा तिर्न धौधौ भएको बताउँदै आएका छन् । बैंकको ऋण र घर भाडा तिर्न नसक्दा कतिपय होटल व्यवसायी पलायन पनि भएका छन् । पर्यटन क्षेत्रलाई सुरक्षित र सहज बनाउने योजनामा बन्दिपुर गाउँपालिकाले पनि आवश्यक छलपल गरी योजना बनाउँदै अगाडि बढेको बताउने गरेको छ । व्यवसायीहरूले कर छुटको माग गरेपनि आन्तरिक आम्दानी न्यून रहेका कारण त्यो सेवा दिन सकेको छैन । यस्तै, पर्यटक बढिरहेको समयमा बन्दिपुर कोरोनाबाट सुरक्षित भएको प्रचासप्रसार गरेर घुम्न आउनलाई निम्तो बाँढ्ने तयारीमा पनि बन्दिपुरेले योजना बनाएका छन्। बन्दिपुरमा साना ठुला गरी करिब ७० बढी होटल रेस्टुरेन्ट सञ्चालनमा छन् । आसपासका गाउँहरूमा आधादर्जन बढी होमस्टे सञ्चालनमा छन् । ग्रामीण पर्यटनको आकर्षक गन्तव्यका रूपमा रहेको तनहुँका पर्यटकीय स्थलहरूमा अहिले आन्तरिक पर्यटकहरूको चहलपहल बढ्दै गएको छ । गाउँगाउँमा सञ्चालित होमस्टेहरूमा पनि यतिबेला आन्तरिक पर्यटकहरू पुग्न थालेका छन् । तनहुँ प्राकृतिक, साँस्कृतिक, धार्मिक, ऐतिहासिक, साहित्यिक लगायत विविध आयमले भरिपूर्ण छ । यहाँ उच्च पहाडी क्षेत्रबाट अन्नपूर्ण, माछापुच्छ्रे, धौलागिरि लगायतका हिमशृंखला तथा पहाडका मनमोहक तरेली अवलोकन गर्न पाइन्छ । परम्परागत संस्कार संस्कृति, स्थानीय उत्पादनका खानाका परिकार पर्यटकलाई लोभ्याउने गर्दछ । कोरोनाको संक्रमण दर कम हुँदै गएको र अवस्था सामान्य बन्दै गएकाले अबका दिन स्वास्थ्य सुरक्षालाई ख्याल गर्दै पर्यटकीय गतिविधि बढाउन तर्फ सबै लागि परौ ।

# स्थानीय निर्वाचन : कसले जित्यो, कसले हार्‍यो ?

स्थानीय तह निर्वाचन समापनको चरणमा छ । ७५३ पालिकामध्ये ७०० माथिको परिणाम सार्वजनिक भइसक्दा जित–हारका विश्लेषण भइरहेका छन् । खासगरी, मुलुकको सबभन्दा ठूलो दल नेकपा (एमाले)ले अपेक्षित सफलता हासिल गर्न सके/नसकेका बारेमा चर्चा–परिचर्चा केन्द्रित छन् । र, नेकपा (एमाले) ले यस निर्वाचनमा 'शर्मनाक' र 'लज्जास्पद' रूपमा हारेको संकथन (न्यारेटिभ) निर्माण गर्ने कोसिस पनि भइरहेको छ । सबै तथ्य आइसकेका छैनन् । तर, प्राप्त परिणामलाई विश्लेषण गर्दा प्रश्न उठ्छ– के नेकपा (एमाले)ले 'शर्मनाक' रूपमा हारेको र अरूले 'दिग्विजय' हासिल गरेका हुन् त ? के अरूले चर्चा गर्ने गरे जस्तो कांग्रेस र माओवादीको पुनरूत्थान नै भएको हो त ? तथ्यहरूले त्यसो भन्दैनन् । हो, एमालेले अपेक्षित सफलता हासिल गर्न सकेन र गत निर्वाचनमा २९४ पालिकाको नेतृत्व गरेर पहिलो भएको दल यसपटक २०० हाराहारी पालिकामा झर्नु परेको छ । तर, जनमत परीक्षण र निर्वाचन विश्लेषणका लागि पालिकाको नेतृत्व मात्रै पर्याप्त हुँदैन, त्यसका लागि समग्र जनमत विश्लेषण गर्नुपर्छ। अहिले सबै नतिजा आउनै बाँकी छ । देशभरका उम्मेदवारहरूले प्राप्त गरेको मत जोडेर औसत निकालेपछि कुन पार्टीको अवस्था के छ भन्ने धरातल थाहा हुन्छ। निर्वाचनमा कुन दलले जित्यो र कुन दलले हार्‍यो भन्नका लागि पहिला हरेक दलले प्राप्त गरेको मत केलाउनुपर्छ ।

सबैलाई थाहा छ– यसपटकको निर्वाचन दलहरूका बीचमा नभएर पाँचदलीय गठबन्धन र नेकपा (एमाले) का बीचमा भएको छ । दलहरु स्वतन्त्रतापूर्वक चुनाव लडेको भए सबैको वास्तविक शक्ति थाहा हुन्थ्यो। तर कांग्रेस, माओवादी, एकीकृत समाजवादी, जसपा र जनमोर्चा एउटै मोर्चाबाट चुनाव लडेकाले उनीहरूमध्ये कसले कति मत प्राप्त गरे र कसको वास्तविक शक्ति कति हो भनेर छुट्याउन गाह्रो छ । नेकपा (एमाले) का हकमा त्यस्तो छैन । ३५ हजार जनप्रतिनिधिमध्ये करिब ३४ प्रतिशत स्थान हासिल गरेर नेकपा (एमाले) ले आफूलाई बलियो शक्तिका रूपमा स्थापित गरेको छ । कांग्रेसले एमालेको भन्दा बढी सिट जिते पनि त्यो उसको आफ्नो मात्र शक्तिबाट आर्जित होइन । त्यसैले फेरि पनि कुन दल कति बलियो छ भन्नका लागि अन्तिम परिणाम आइसकेपछि उम्मेदवारहरूले प्राप्त गरेको मत जोडेर हिसाब निकाल्नुपर्छ । नेकपा (एमाले)ले आफ्ना विरूद्धमा भइरहेका सबै खालका मोर्चाबन्दीहरूलाई नबुझेको होइन। २८ असार २०७८ मा सर्वोच्च अदालतको दुरूपयोग गरेर निर्माण गरिएको पाँचदलीय मोर्चामार्फत के–के गर्न खोजिएको छ भन्ने एमालेलाई राम्ररी थाहा छ ।

विकास, समृद्धि, देशभक्ति र अग्रगमनको झण्डालाई बलियो गरी समातेको शक्तिलाई कमजोर नपारी नेपाललाई कमजोर पार्न सकिन्न भनेर बुझेकाहरूले एमालेलाई फुटाउने, कमजोर बनाउने, एक्ल्याउने र शक्तिहीन बनाउने अनेक प्रयासहरु गरे पनि ती सबै प्रयास असफल भएका छन् । जनताको मतद्वारा नेकपा (एमाले)ले पुनः वैधता प्राप्त गरेको छ र मुलुकको भरपर्दो शक्तिका रूपमा आफूलाई स्थापित गरेको छ । पार्टी विभाजनको मनोविज्ञान बोकेर निर्वाचनमा जानु यसै पनि कम कष्टकर कुरा होइन । पार्टी र देशको नेतृत्व गरिसकेका, पार्टीबाट मन्त्री, सांसद, मेयर आदि भइसकेका, पार्टीका विभिन्न महत्वपूर्ण जिम्मेवारीमा बसिसकेका नेताहरूको पंक्ति बाहिरिँदा त्यसको केही पनि प्रभाव पर्दैन भन्ने होइन । तर, छाड्नेहरूले त छाडी गए, रहेकाहरूले हिम्मतका साथ पार्टीलाई अघि बढाउनुबाहेक कुनै विकल्प रहँदैन । र, नेकपा (एमाले) को नेतृत्वले दृढताका साथ त्यही गरेका कारण थप क्षति हुन पाएन । कांग्रेस र माओवादीले जितेको स्थानीय तहमध्ये करिब ४० प्रतिशत जस्तो एक–अर्काको सहयोगमा जितेका छन् । कांग्रेस एकल लडेर जितेका पालिकाहरु कति छन् ? माओवादीले एकल लडेर जितेका पालिकाहरु कति छन् ? अनि ती दलहरूले आ–आफ्नो चिह्नमा प्राप्त गरेको मत संख्या कति छ? यी सबै कुराको मसिनो विश्लेषण नगरी चुनावमा कसले जितेको र कसले हारेको भन्ने निष्कर्षमा पुग्नु हतार हुन्छ ।

नेकपा (एमाले)ले हारेर पनि हार स्वीकार गर्न नसकेको र यसका नेताहरूमा अझै 'दम्भ' रहेको प्रचारवाजीका पछाडि एमालेलाई जसरी पनि 'हारेको' प्रमाणित गर्ने नियत लुकेको छ । भनिरहनै पर्दैन, नेकपा -एमाले) ले संख्यात्मक रूपमा पहिलो शक्ति हुन सकेन, दोस्रोमा झरेको छ । एउटा लोकतान्त्रिक, जन–आधारित र लोकप्रिय पार्टी हुनुका नाताले नेकपा (एमाले) जनताले दिएको आदेशलाई शिर झुकाएर सम्मान गर्दछ । साथै, राजनीतिक दल भएका कारण यो कुरामा एमाले चनाखो छ– जनताको अभिमतलाई स्वतन्त्र रूपमा अभिव्यक्त हुन कत्तिको दिइएको छ ? निर्वाचनमा सत्ताको दुरूपयोग गर्दै धाँधली गरिएको कुरा



**कांग्रेस र माओवादीले एक्लै लडेर जितेका पालिकाहरु कति छन् ? अनि ती दलहरूले आ–आफ्नो चिह्नमा प्राप्त गरेको मत कति छ? यसको मसिनो विश्लेषण नगरी चुनाव कसले जित्यो र कसले हार्‍यो भन्ने निष्कर्षमा पुग्नु हतार हुन्छ ।**

**विष्णु रिजाल**

एमालेले सप्रमाण सार्वजनिक गर्दा त्यसलाई 'हारको मानसिकता' का रूपमा व्याख्या गर्नेहरूलाई थाहा हुनुपर्ने हो– आफैं चुनाव गराएको कांग्रेसले समेत कतिपय ठाउँमा धाँधली भएको भन्दै पुनः निर्वाचनको माग गरेको छ ।

स्थानीय निर्वाचन मूलतः स्थानीय एजेन्डामा आधारित हुन्छ । स्थानीय विशेषता, अन्तरविरोध, सन्तुलन, लोकप्रियता जस्ता कुराले स्थानीय निर्वाचनलाई बढी प्रभावित गर्दछ । पाँच दल मिलेका छन् भन्नेबित्तिकै तटस्थ मानिसहरूका मनमा 'ए, यसपटक एमाले हार्ने भएछ' भन्ने धारणा स्वतः विकास हुने नै भयो। थपमा, पार्टीमा सानो भए पनि विभाजन भएका कारण उत्पन्न मनोवैज्ञानिक त्रास त छँदैथियो। गत निर्वाचनमा धेरै ठाउँमा जितेको छ र सत्तामा भएका कारण हुन सक्ने नकारात्मक क्षतिबाट पनि एमाले यसपटक प्रभावित भएको छ । पहिलो पटकका स्थानीय तह भएका कारण कतिपय प्रक्रियागत झन्झट, कतिपय अनुभवको कमी र कतिपय स्थानीय अन्तरविरोधहरूका कारण त्यसको नकारात्मक प्रभाव चुनावमा परेको अनुभूति भएको छ । यस्तो अवस्थामा पनि पार्टीले जुन जनमत निर्माण गरेको छ, यसबाट स्पष्ट रूपमा नेकपा (एमाले) ले आफूलाई बचाएको छ । नेतृत्व तहमा उत्पन्न बेमेल र त्यसबाट उत्पन्न विभाजनको दुःखद अवस्थालाई चिरेर आम कार्यकर्ता र मतदाताले नेकपा (एमाले) लाई सग्लो रूपमा बचाइदिएका छन् । अब यसलाई निर्णायक र परिणाममुखी बनाएर आउँदो चुनावमा विजयी बनाउने जिम्मेवारी नेतृत्वको काँधमा छ।

नेकपा (एमाले) अनेक हण्डर, ठक्कर र चक्कर भोगेर यहाँसम्म आइपुगेको छ । पार्टी एकता, एकता भंग र आफ्नै साविकको पार्टीसमेत विभाजनको कष्टसाध्य बाटोबाट एमाले सहज चौतारीमा आइपुगेको छ। अब एमालेलाई घेराबन्दी गर्ने यसभन्दा बाँकी उपाय छैनन् । भएभरका जम्मै दल मिल्दा पनि एमालेलाई चाहे जसरी हराउन सकेनन् भने अब यसभन्दा बढी चाहिं के नै गर्न सक्छन् र भन्ने मनोविज्ञान नेकपा (एमाले) का नेता–कार्यकर्तामा निर्माण भएको छ । पार्टीको अवस्था के कस्तो होला भनेर अन्योलमा रहेको पंक्ति पनि चुनाव परिणामपछि स्पष्ट भएको छ । अब अझ बढी ऊर्जा र स्पष्टताका साथ त्यस्तो पंक्ति पार्टीमा सक्रिय हुन्छ ।

चुनावका बेला हुने कतिपय स्वाभाविक र कतिपय अस्वाभाविक समस्याहरूबाट नेकपा (एमाले) पृथक् रहन सकेन । उम्मेदवारी चयनमा पर्याप्त मात्रामा छलफल र सहमतिको प्रयासभन्दा पनि प्रक्रियागत रूपमा बढी ध्यान दिएका कारण असन्तुष्टिहरूलाई बेलैमा सम्बोधन गर्न नसक्दा उल्लेख्य रूपमा क्षति भएको छ । अन्तर्घात जस्ता कांग्रेसमा मात्र देखिने रोग एमालेमा सर्न थालेको महसुस यसपटक भएको छ । यस बाहेक निर्वाचनका बेला सत्तापक्षले प्रयोग गर्ने पैसा र शक्तिको प्रभाव एमालेभित्र पनि परेको तीतो अनुभूति भएको छ । अन्तिम बेलामा उम्मेदवार परिवर्तन गर्ने जस्ता गर्नै नहुने कामहरु हाम्रा लागि पाठ भएका छन्। साथै, लामो इतिहास भएको पार्टी भएका कारण धेरै पुराना नेता–कार्यकर्ताहरु नेतृत्वमा रहने र उनीहरुको बढी ध्यान पुरानैतिर केन्द्रित हुने कुराबाट अब एमालेले आफूलाई मुक्त गर्नैपर्छ । नयाँ पुस्तालाई बढी विश्वास र भरोसा गरेर निर्वाचनमा पठाउनुपर्छ ।

चुनावपूर्व अध्यक्ष केपी शर्मा ओलीले गरेको अथक् मिहिनेत, राष्ट्रव्यापी दौडधुप, पार्टी पंक्ति परिचालन जस्ता कुराले नेकपा (एमाले)को क्षतिलाई धेरै हदसम्म न्यूनीकरण गरेको छ । आजको अवस्थामा अध्यक्ष ओलीलाई कमजोर बनाउनु नै एमालेलाई कमजोर बनाउनु हो भन्ने बुझेकाहरूले उहाँको सक्रियता, पहलकदमी र उत्साहलाई नकारात्मक रूपमा प्रचार गर्न खोजेका छन् । तर पनि एमाले पंक्तिका लागि त्यो ऊर्जाको विषय बनेको छ । यदि अध्यक्ष ओली त्यसरी नखटेको भए पार्टीको अवस्था के हुन्थ्यो होला भन्ने कुरा पार्टी पंक्तिले बुझेको छ । शरीर शिथिल बनाउन टाउकामा प्रहार गर्नुपर्छ भनेर बुझेकाहरूले एमालेलाई कमजोर बनाउन नेतृत्वमाथि प्रहार केन्द्रित गरेका छन् भन्ने कुरा बुझिएकै छ । समग्रमा नेकपा (एमाले) ले हारेको छैन । स्थानीय निर्वाचनमा थोरै मतको अन्तरमा हार–जित हुन्छ । त्यसमा सबै दल एकातिर उभिंदा विजय हुनका लागि थोरै मत नपुग्नुलाई जनमत घटेको रूपमा लिन मिल्दैन । सत्तारूढ गठबन्धन कायम रहिरह्यो वा गठबन्धनले मात्र भएन, अब एउटै पार्टी बनाएर निर्वाचनमा जाऔं भनेर उनीहरूले एउटै पार्टी बनाए भने त्यसमा एमालेले केही गर्न सक्दैन । अन्यथा जनमत, संगठन परिचालन, नेतृत्व जस्ता विषयमा एमालेले निराश हुनुपर्ने कारण छैन । किनभने, यस पटकको निर्वाचनबाट जनमतको रक्षा भएको छ, पार्टी पंक्ति अपूर्व रूपमा परिचालन भएको छ र नेतृत्व एकताबद्ध बनेको छ । एउटा जीवन्त पार्टीका लागि यति आधारभूत कुरा ठीकठाक भइसकेपछि बाँकी कुरा स्वतः गौण हुन्छन् । अनलाइनखबरबाट

*(लेखक नेकपा एमालेका केन्द्रीय सदस्य रिजाल पार्टीको प्रचार विभाग उप-प्रमुख हुन् ।)*




## तनहुँ जिल्लाका महत्वपूर्ण टेलिफोन

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय - ५६०१३३ | एम्वुलेन्स व्यास न. हस्पिटल : ९८४६१३१०२६ |
| जिल्ला समन्वय समिति - ५६०१७४ | थर्पु हे.पो. एम्बुलेन्स - ९८४६४०२९९४ |
| जिल्ला प्रहरी कार्यालय -५६०१९९/१०० | एम्बुलेन्स, आँवुखैरेनी - ९८४६७४६२२२, |
| व्यास नगरपालिका, दमौली - ५६०२३३ | आँवु इमरजेन्सि एम्बुलेन्स ९८४६७४६२४४ |
| नेपाल रेडक्रस सोसाइटी - ५६०१६९ | नेपाल विद्युत प्राधिकरण(मर्मत)- ५६०१७६ |
| दमौली अस्पताल, दमौली - ५६०२०३ | नेपाल विद्युत प्रा.(सव स्टेशन) - ५६०१९२ |
| रत्नहरी मे. अस्पताल,दमौली, - ५६०१०२ | एम्वुलेन्स युवा क्लव भिमाद ९८१६११८१०० |
| नेशनल एपोलो हस्पिटल - ५६१८११ | टिकट काउण्टर (माइक्रो), ५६०९०६ |
| एपोलो एम्बुलेन्स ९८४६४३५६११ | नेपाली कांग्रेस तनहुँ - ५६०३७५ |
| लक्ष्मी अस्पताल, डुम्रे - ५८०००७ | नेकपा तनहुँ - ५६०१३४ |
| जीपी कोइराला रा.स्व.प्र.उ.के. ५७०४५५ | आ.क.भा.भ.क्याम्पस, दमौली - ५६००९६ |
| व्यास नगर हस्पिटल : ५६१८१२ | भानुभक्त क्याम्पस, खैरेनीटार- ५७०२४० |

## तपाईंको आज

**मेष** (चु,चे,चो,ला,लि,लु,ले,लो,अ)
अध्यात्मभाव जागृत हुनुका साथै धर्मकर्म र परोपकारी काममा समेत प्रवृत्त भइनेछ ।

**वृष** (इ,उ,ए,ओ,वा,वी,वू,बे,बो)
कर्मयोगबाट विशेष फाइदा हुनेछ। व्यापार बढ्नेछ भने साझेदारीबाट लाभ मिल्नेछ ।

**मिथुन** (का,की,कू,घ,ङ,छ,के,को,हा)
सुन्दर पहिरनले व्यक्तित्वमा निखारता आउनेछ । आफन्तसँग रमाइलो भेटघाट हुनेछ ।

**कर्कट** (हि,हु,हे,हो,डा,डि,डु,डे,डो)
अरूको विश्वास गर्दा काम रोकिन सक्छ । पहिलेका समस्या दोहोरिनाले अलमलमा परिएला ।

**सिंह** (मा,मो,मु,मे,मो,टा,टी,टु,टे)
आत्मविश्वासको कमीले काममा पछि परिनेछ । समयमा वचन पुर्याउन नसक्ता आलोचित भइनेछ ।

**कन्य** (टो,पा,पी,पू,ष,ण,ठ,पे,पो)
आकस्मिक खर्चले अर्थ अभाव देखापर्न सक्छ । बेलैमा होस नपुग्नाले केही चुनौती झेल्नुपर्ला।

**तुला** (रा,री,रू,रे,रो,ता,ती,तु,ते)
पहिलेको सफलताले महत्त्वाकांक्षा बढाउनेछ । विभिन्न अवसर पनि आउनेछन् ।

**वृश्चिक** (नो,ना,नी,नु,ने,नो,या,यी,यू)
नयाँ काम प्रारम्भ हुनेछ भने आम्दानी बढ्नेछ । उद्योग र व्यापारमा विशेष फाइदा हुनेछ ।

**धनु** (ये,यो,भा,भि,भु,धा,फा,ढ,भ)
बेसुरमा बोल्ने बानीले समस्या निम्त्याउनेछ । महत्त्वाकांक्षी योजना गोप्य राखेर अघि बढ्नुपर्ला ।

**मकर** (भो,जा,जी,खी,खु,खे,खो,गा,गी)
हिम्मतले काम लिँदा मनग्य लाभ हुनेछ । मेहनतले प्रतिस्पर्धाको दौडमा सफलता दिलाउनेछ ।

**कुम्भ** (गु,गा,गो,सा,सी,सू,से,सो,दा)
उपचारमा केही खर्च हुने समय छ । सामान्य धनलाभ भए पनि फजुल खर्च बढ्नेछ ।

**मीन** (दि,दु,थ,झ,ञ,दे,दो,चा,ची)
व्यापार-व्यवसायमा लाग्नेहरूलाई फाइदा होला । रूचिका विषयमा लगानी बढाउने अवसर प्राप्त हुनेछ

# जनशक्तिको अभावमा खेतीयोग्य जमिन बाँझिदै

धु्रवसागर शर्मा/गलेश्वर

स्वदेशमा रोजगारको भरपर्दो माध्यम फेला पार्न नसकेर गाउँका युवा रोजगारीको खोजीमा खाडीमुलुक जाने क्रम नरोकिँदा म्याग्दीका ग्रामीण भेगमा रहेको खेतीयोग्य जमिन बाँझै भएको छ। स्थानीय तहको चुनावमा प्रायः सबै राजनीतिक दलका उम्मेदवारले विकास र रोजगारीलाई प्रमुख एजेण्डा बनाएका भए पनि जिल्लाका युवा भने पाए युरोप, अमेरिका नपाए खाडी मुलुकमा भए पनि जान बाध्य छन्। युवा विदेशिने र सहर पलायन हुने क्रम नरोकिँदा गाउँमा काम गर्ने जनशक्तिको अभाव भएर खेतीयोग्य जमिन बाँझै भएको हो । बाह्रै महिना खेतीपाती गरेर जीविकोपार्जन गर्ने ग्रामीण क्षेत्रका स्थानीयले अहिले भएका जग्गा जमिन बाँझै छाडेका छन् । युवा विदेशिएसँगै गाउँमा वृद्धवृद्धा, महिला र बालबालिका मात्र हुँदा खेती लगाउने समयमा जनशक्ति अभाव हुने गरेको छ ।

दसैं, तिहार, महामारी, प्राकृतिक विपत्ति र निर्वाचनका बेला गाउँ युवाले भरिभराउ हुने गरे पनि सहज अवस्थामा भने गाउँ युवाविहीन हुने गरेका बेनी नगरपालिका–२ का ८६ वर्षीय बेदप्रसाद उपाध्यायले बताउनुभयो। गाउँमा खेती गर्ने जनशक्ति नहुँदा जिल्लाको बेनी नगरपालिका, मालिका, मङ्गला, रघुगङ्गा, धौलागिरि र अन्नपूर्ण गाउँपालिकामा सयौं हेक्टर खेतीयोग्य जमिन बाँझै रहेको स्थानीय तहका कृषि प्राविधिकले बताएका छन् । सदरमुकाम बेनी बजारसँगै जोडिएको बेनी नगरपालिका २ बगरफाँटमा मात्रै २६ हेक्टरभन्दा बढी जमिन बाँझै रहेको स्थानीय चित्रबहादुर रिजालले बताउनुभयो । रिजालले भन्नुभयो, “खेती गर्न जनशक्ति पाइँदैन, आफूले गर्न सकिएन, युवाशक्ति विदेश जान थाले, जग्गाजमिन बाँझै छाड्न बाँध्य छौँ।



यहाँका बासिन्दाले आफ्नै जग्गा जमिन भएर पनि सदरमुकामदेखि खाद्यान्न सामग्री किनेर ल्याउने गर्दछन् । सुविधा खोज्दै केही सहरतिर पस्न थाले, केही विदेशिए, अब त गाउँ नै सुनसान हुन थालेको मालिका ३ का जगबहादुर बूढाले बताउनुभयो। अहिले यहाँ भएका युवा पनि खेतीपाती छाडेर व्यापार, व्यवसाय गर्न थालेका उहाँले बताउनुभयो ।

वर्षौंदेखिको भोगचलन गर्दै आएको खेतीयोग्य जमिन बाँझिदै गएको छ भने घर जीर्ण भई भत्कन थालेका छन् । अर्कोतिर भूकम्पले भत्काएको घरको पुनःनिर्माण नगरी सहर बजारमा डेरामा बस्न थालेका छन् ।

एकातिर कामदारको अभाव छ भने अर्कोतर्फ खेतीयोग्य जमिनलाई पल्टिङ गर्ने क्रम उत्तिकै बढेको छ। खेतीयोग्य जमिन बाँझो हुन थालेपछि खाद्यान्न अभाव देखिएको छ भने मूल्यवृद्धिको चपेटामा स्थानीय परेका छन् ।

स्थानीयस्तरमा उत्पादन हुने खाद्यान्न कम उत्पादन हुने भएकाले बाहिरबाट निर्यात गनुपर्ने भएकाले मूल्य वृद्धि हुने गरेको व्यापारीको भनाइ छ । “खेतबारीमा बनमारा र सिरू फुलेको छ, गाउँले बजारको आयातित चामल र खाद्यान्न किनेर खाने गरेका छन्”, मंगला गाउँपालिकाका कृषि प्राविधिक जगत बानियाँले बताउनुभयो ।

कृषि प्राविधिक बानियाँका अनुसार हरेक वर्ष खेतीयोग्य जमिन बाँझिने क्रम १५ प्रतिशतले बढ्दै गएको छ। तरकारी उत्पादन हुने खबरा, बगरफाँट, सिम, थामडाँडा, बाबियाचौर लगायतका ठाउँमा पनि जमिन बाँझै छ । धान उत्पादन हुने सिंगा, बगरफाँट, डाँडाखेत लगायतका ठाउँमा बस्ती बसाल्ने तथा जग्गा प्लटिङ गर्ने गरेका छन् । यसले गर्दा सदरमुकाम तथा मुख्य बस्तीमा जग्गाको भाउ आकाशिएको छ । कृषि कार्यालय र स्थानीय तहहरूले किसानलाई प्रोत्साहनका लागि खाद्यन्न, तरकारीबाली, माछा व्यवसाय, च्याउखेतीलगायतमा अनुदान दिने, बिमा गर्ने, प्रविधि प्रदान गर्ने गरेका भए पनि खेतीयोग्य जमिन अझै प्रयोगमा आउन सकेको छैन । पछिल्लो समय जिल्ला मालपोत कार्यालय म्याग्दीमा दैनिक सरदर ५० थानभन्दा बढी जग्गा किनबेच हुने गरेको मालपोत कार्यालय म्याग्दीका प्रमुख कृष्णबहादुर कार्कीले बताउनुभयो । रासस

## तनहुँमा जोशी समुह .......

जोड्न सक्छु भन्नेतिर जानसक्छन्।’

आगामी प्रतिनिधि सभा निर्वाचनमा गोविन्दराज जोशी उम्मेदवार हुन पाउँछन् कि पाउँदैनन् भन्नेमा पनि भर पर्छ ।

२०७४ को चुनावमा भ्रष्टाचार मुद्दामा विशेष अदालतबाट दोषि ठहर भएको व्यक्ति चुनाव लड्न नपाउने भन्दै पौडेलले दिएको उजुरीको आधारमा निर्वाचन आयोगले जोशीको स्वतन्त्र उम्मेदवारी रद्द गरेको थियो । आगामी चुनावमा जोशी लड्न पाएनन् भने एक खालको परिस्थिति बन्छ । एक नेता भन्छन्, ‘नेताहरूको इगो यति धेरै भयसक्यो कि उहाँ (जोशी) एमालेकै चुनाव लडिदिन बेर छैन ।’

स्थानीय चुनावमै कतिपय ठाउँमा जोशी समूह वडामा एमालेको सूर्य चिन्हबाट लडेका थिए । नेताहरूका अनुसार जोशी स्वतन्त्र रहिरहे भने पौडेलका लागि मात्र चुनौती हुनेछ, तर एमालेकै चुनाव चिन्हमा लड्ने अवस्था बने कांग्रेसकै लागि धक्का हुनेछ ।

एक नेता भन्छन्, ‘अहिलेसम्म त रामचन्द्र पौडेलसँग मात्र दुरी हो, तर कांग्रेससँग निकटता छ भने खालको स्थिति छ। तर कांग्रेससँग पनि नाता सम्बन्ध तोडियो भन्दा कांग्रेसकै लागि थ्रेट हुन्छ ।’

## जनप्रतिनिधि शासक होइन ..........

निर्वाचित भएका छन् । स्वतन्त्र उम्मेदवार दीपकराज जोशीलाई २५२ मत अन्तरले पराजित गर्दै न्यौपाने निर्वाचित भएका हुन् ।

नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलको गृह पालिका र कांग्रेसकै पूर्व सहमाहमन्त्री गोविन्दराज जोशीको समेत गृह पालिका रहेको व्यास नगरपालिकाको स्थानीय निर्वाचन विशेष चासो र चर्चाको विषयमा हेरिएको थियो । व्यासको निर्वाचनलाई वरिष्ठ नेता पौडेलको राजनीतिक विरासत जोगाउने र जोशीको गुम्न लागेको राजनीतिक विरासत फर्काउने अस्त्रका रूपमा हेरिएको थियो ।

व्यास नगरपालिकाको प्रमुखमा पुनः निर्वाचित भएपछि मतदातालाई धन्यवाद व्यक्त गर्दै नवनिर्वाचित नगर प्रमुख बैकुण्ठ न्यौपानले पहिलो कार्यकालमा आफुले सुरु गरेका अधुरा कामलाई पूर्णता दिने र जनताका आवश्यकातालाई पुरा गर्न आफु लागि पर्ने बताएका छन् ।

१२ हजार ७८ मत प्राप्त गरी कांग्रेसका उम्मेदवार न्यौपाने निर्वाचित भएका छन् । उनका प्रतिस्पर्धी स्वतन्त्र उम्मेदवार दीपकराज जोशीले ११ हजार ८२६ मत प्राप्त गरेका छन् । पूर्व सहमाहमन्त्री जोशीका छोरा दीपकराज जोशी नेकपा एमालेसंग तालमेल गरी चुनावी मैदानमा उत्रिएका थिए ।

स्थानीय तह निर्वाचन अन्तर्गत व्यास नगरपालिकाको उपप्रमुख पदमा कांग्रेसका इन्दिरा दरैले १३ हजार चार सय ९८ मत प्राप्त गरी विजयी भएकी छन् भने उनका प्रतिस्पर्धी नेकपा (एमाले)का वसुन्धरा घर्तीले १० हजार ४२ मत प्राप्त गरेकी छन् ।

जिल्लाका चार नगरपालिका र छ गाउँपालिकामध्ये नेपाली कांग्रेसले पाँच, नेकपा एमालेले चार र नेकपा माओवादी केन्द्रले एक पालिका जितेको छ । तनहुँको ८५ वडामध्ये नेपाली कांग्रेसले ४६, नेकपा (एमाले)ले २८ र नेकपा माओवादी केन्द्रले ७ वडा जितेको छ । स्वतन्त्रबाट चार जना वडाध्यक्षमा र ३४० जना वडा सदस्य गरी ४४५ जना जनप्रतिनिधि निर्वाचित भएका छन् ।

# द्वन्द्वका कारण विश्वभरी १० करोड विस्थापित : राष्ट्रसंघ

रासस/एएफपी/जेनेभा

द्वन्द्वका कारण विश्वभरी कम्तीमा दश करोड मानिस विस्थापित भएका छन् । संयुक्त राष्ट्रसंघले सोमबार सार्वजनिक गरेको विवरणमा जवर जस्ती यति धेरै मानिस विस्थापित भएको यो दुर्लभ घटना भएको उल्लेख गरिएको छ । विस्थापित भएकाहरूहरू माथि मानवअधिकारको उलङ्घन, हिंसात्मक घटना र द्वन्द्वको असर परेको राष्ट्रसंघीय अधिकारीहरूले जनाएका छन् ।

विस्थापितमध्ये सबैभन्दा धेरै युक्रेनमाथि रूसले आक्रमण गरेपछि सुरू भएको द्वन्द्वका कारण विस्थापित भएका छन् । त्यस बाहेक अफगानिस्तान, बुर्किना फासो, लोकतान्त्रीक गणतन्त्र कङ्गो, इथियोपिया, म्यानमार, नाइजेरियालगायतका देशमा भएका द्वन्द्वले पनि धेरै मानिस विस्थापित भएका छन् ।

युक्रेनले आफ्नो भूभाग त्यागेर रूससँग कुनै युद्धविराम सम्झौता नगर्ने जनाएको छ । राष्ट्रपतिका एकजना सल्लाहकारले युक्रेनको भूभाग छोड्नु पर्ने गरी युद्धविराम गर्ने प्रयासले अझ ठूलो र रक्तपातपूर्ण हुने चेतावनी दिनु भएको हो । यसअघि युक्रेनी राष्ट्रपति भोलोडिमिर जेलेन्सीले कूटनीतिबाट मात्र अहिलेको युद्ध सुल्झाउन सकिने अभिव्यक्ति दिनु भएको थियो ।

## तनहुँका दशमध्ये पाँचमा ..........

नगरपालिकाको प्रमुखमा कृष्णराज पण्डित, ऋषिङ गाउँपालिकाको अध्यक्षमा राजेन्द्रकृष्ण श्रेष्ठ, उपाध्यक्षमा गिनुमाया थापा, देवघाट गाउँपालिकाको अध्यक्षमा तिलबहादुर थापा विजयी भएका छन् ।

बन्दीपुर गाउँपालिकाको उपाध्यक्षमा पञ्चमाया गुरूङ, म्याग्दे गाउँपालिकाको उपाध्यक्षमा बालकृष्ण घिमिरे विजयी हुनुभएको छ। नेकपा एमालेबाट घिरिङ गाउँपालिकाको अध्यक्षमा होमबहादुर थापा, उपाध्यक्षमा राधादेवी अधिकारी, म्याग्दे गाउँपालिकाको अध्यक्षमा श्रीप्रसाद श्रेष्ठ, भिमाद नगरपालिकाको प्रमुखमा दधिराज सुवेदी, उपप्रमुखमा शारदा खनाल, बन्दीपुर गाउँपालिकाको अध्यक्षमा सुरेन्द्र थापा विजयी भएका छन् ।

नेकपा माओवादी केन्द्रबाट आँबुखैरेनी गाउँपालिकाको अध्यक्षमा शुक्र चुमान, उपाध्यक्षमा दुर्गा अर्याल, शुक्लागण्डकी नगरपालिकाको उपप्रमुखमा खुमबहादुर विक, देवघाट गाउँपालिकाको उपाध्यक्षमा भुवनसिं गुरूङ विजयी भएका छन् । जिल्लाका ८५ वडामध्ये नेपाली कांग्रेसले ४६, नेकपा (एमाले) ले २८ र नेकपा माओवादी केन्द्रले ७ वडा जितेको छ । स्वतन्त्रबाट चार जनाले वडाध्यक्षमा विजय हासिल गरेका छन् ।

निर्वाचनबाट जिल्लाका चार सय ४५ जनप्रतिनिधि निर्वाचित भएका छन् । प्रमुख/उपप्रमुख २०, वडाध्यक्ष ८५ र तीन सय ४० जना वडा सदस्य निर्वाचित भएको जिल्ला निर्वाचन कार्यालय तनहुँले जनाएको छ ।

## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०७९/०२/०८*

ऋषिङ गाउँपालिकाको कार्यालय तनहुँको च.नं. १२३१ मिति २०७९/०२/०८ को प्राप्त अनुमति पत्रानुसार यस विद्यालयमा माध्यमिक तह तृतीय श्रेणीको शिक्षण सहयोग अनुदान कार्याक्रम अन्तरगत एक जना **अंग्रेजी** विषय शिक्षक नियुक्ति गर्न तेस्रो पटक प्रकाशित सूचनामा रितपूर्वक कुनै पनि दरखास्त नपरेकाले पुनः चौथो पटक यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

तपसिल

**विज्ञापन नं.** : २/०७८/०७९
१) **पद** : माध्यमिक तह तृतीय श्रेणी (अनुदान)
२) **विषय** : अंग्रेजी ३) **आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यता** : सम्बन्धित विषयमा स्नातक तह वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : १०००/- (एक हजार रूपैयाँ)
६) **तलब** : अनुदान कार्यविधिमा उल्लेख भए अनुसार ।
७) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि, शिक्षण अनुमती पत्रको प्रतिलिपि, निरोगिताको प्रमाणपत्र ।
८) **परीक्षाको किसिम** : लिखित, अन्तरवार्ता र कक्षा अवलोकन ।
९) **दरखास्त दिने अन्तिम मिति** : २०७९/०२/१६ गतेसम्म
१०) **सम्पर्क मिति** : २०७९/०२/१६ गते विद्यालय समय भित्र ।
११) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।

प्रधानाध्यापक

**श्री अम्मर माध्यमिक विद्यालय**

ऋषिङ–१, कोइदिम, तनहुँ । सम्पर्क : ९८४६०९३३९३

## शिक्षक आवश्यकता

*विद्यालयमा सूचना प्रकाशित मिति : २०७९/०२/०९*

ऋषिङ गाउँपालिकाको कार्यालय तनहुँको च.नं. १२३३ मिति २०७९/०२/०९ को अनुमति प्राप्त पत्रानुसार यस विद्यालयमा माध्यमिक तह तृतीय श्रेणीको शिक्षण सिकाई सहयोग अनुदान कोटा कार्याक्रम अन्तरगत एक जना **अंग्रेजी** विषय शिक्षक नियुक्ति गर्न पहिलो, दोश्रो र तेस्रो पटक प्रकाशित सूचनामा रितपूर्वक कुनै पनि दरखास्त नपरेकाले पुनः चौथो पटक यो ७ (सात) दिने सूचना प्रकाशित गरिएको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरूबाट तपसिलमा उल्लेखित कागजात सहित रितपूर्वकको दरखास्त आव्हान गरिन्छ । रित नपुगेको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

**तपसिल**

**विज्ञापन नं.** : ४/०७८/०७९
१) **पद** : माध्यमिक तह तृतीय श्रेणी (अनुदान कोटा)
२) **विषय** : अंग्रेजी ३) **आवश्यक संख्या** : १ (एक) जना
४) **शैक्षिक योग्यता** : स्नातक तह वा सोसरह उत्तीर्ण
५) **दरखास्त शुल्क** : १५००/- (एक हजार पाँच सय रूपैयाँ)
६) **तलब** : ३५९९०/- (पैतिस हजार नौ सय नब्बे रूपैया मात्र)
७) **उमेर** : १८ वर्ष पुरा भई ४० वर्ष ननाघेको
८) **आवश्यक कागजात** : नेपाली नागरिकताको प्रमाणित प्रतिलिपि, शैक्षिक योग्यताको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
९) **परीक्षाको किसिम** : लिखित र अन्तरवार्ता ।
१०) **दरखास्त दिने अन्तिम मिति** : २०७९/०२/१६ गतेसम्म ।
११) **सम्पर्क मिति** : २०७८/०२/१६ गते ४ बजे ।
१२) **परीक्षा मिति** : सम्पर्क मितिमा तोकिने छ ।
**पुनश्च** : अनुभवि, माथिल्लो योग्यतालाई विशेष प्राथमिकता दिइने छ ।

प्रधानाध्यापक

**श्री शान्ति माध्यमिक विद्यालय**

ऋषिङ–३, दुबुङ्, तनहुँ । सम्पर्क : ९८४६७८७००६, ९८४६३७३१९७




**दिप इन्टरप्राइजेज्**

आँवुखैरेनी-३, तनहुँ (बजाज शो-रूम, उचित भवन) । सम्पर्क : ०६५-५४०५७६/५४०४८२

प्रो. बिरान आले मो. ९८१७१७३०२३, ९७४२५०१४२२

**झोर्ले मोबाइल एण्ड इलेक्ट्रोनिक्स**

व्यास–३, निमचोक, दमौली, तनहुँ



iPhone SAMSUNG mi Redmi 1+ ONEPLUS Panasonic Yasuda

हामीकहाँ उच्च ब्राण्डका टि.भि., फ्रिज, वासिङ्ग मेसिन, ए.सि. लगायत घरायसी इलेक्ट्रोनिक्स सामानहरू सुपथ मूल्यमा पाइन्छ। साथै विभिन्न ब्राण्डका मोबाइलहरू बिक्री तथा मर्मत गरिन्छ । नोटः होम डेलिभरीको व्यवस्था पनि छ ।

आल्मुनियम, स्टिल, काठका रेडिमेड झ्याल ढोकाहरू होलसेल तथा खुद्रा बिक्री गरिनुका साथै जिप्सन, स्टील तथा ग्रिल सम्बन्धी सम्पूर्ण काम सुपथ मूल्यमा गर्नुपरेमा हामीलाई सम्झनुहोस् ।

**प्रो. होम थापा** सम्पर्क : ९८०६७४६७२३, ९८१७१२६६९५, ९७४५२८२४६४, ९८४६७६२७४८



**न्यू पशुपति आल्मुनियम ७ फ्रेब्रिकटर, स्टिल ग्रिल उद्योग**

व्यास-३, दमौली, तनहुँ (प्रहरी कार्यालय पछाडी, एपोलो हस्पिटल लाइन)

**हाम्रा उपलब्ध सेवाहरू :**

१) डा. हेमन्त श्रेष्ठद्वारा दैनिक बिरामी जाँच २) प्याथोलोजी ल्याब सेवा ३) भिडीयो एक्सरे सेवा वा मुटुको भिडीयो एक्सरे (ECO) ४) नेबुलाइजर (वाफ) सेवा ५) मुटुको इसिजि सेवा ६) ड्रेसिङ्ग र सुचरिङ्ग सेवा ७) हात खुट्टा भाँचिएमा प्लाष्टर सेवा ८) अब्जरभेसन सेवा ९) गुणस्तरीय फार्मेसी सेवा

**नोट : फोनबाट पनि नाम टिपाउन सक्नुहुनेछ ।**

**मिर्लुङ्ग पोलिक्लिनिक प्रा.लि.**

व्यास–२, दमौली तनहुँ । फोन : ०६५–५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२

जि.का.कास्की द.नं. ११/२०३९/०४०,
जि.प्र.का. तनहुँको स्वीकृत मितिः २०५९/०३/२४, त.जि.हु.द.नं. १०, ०६३/६४




**नवनिर्वाचित जनप्रतिनिधिको शपथग्रहण :** वैशाख ३० गते सम्पन्न स्थानीय तह सदस्य निर्वाचन २०७९ बाट तनहुँको नगरपालिकाका नवनिर्वाचित उपप्रमुख, वडाध्यक्ष तथा सदस्यहरूलाई शपथ खुवाउँदै नगरपालिकाका नवनिर्वाचित प्रमुख आनन्द त्रिपाठी । *तस्विर : भञ्ज्याङ*

# जलयात्रा प्रवर्द्धन गर्दै पोखरा पर्यटन परिषद्

**जमुनावर्षा शर्मा**/पोखरा

साहसिक पर्यटनको रूपमा लिइने जलयात्रा (र्‍याफ्टिङ) प्रवर्द्धनका लागि पोखरा पर्यटन परिषद्ले तल्लो मर्स्याङ्दीलाई छनोट गरेको छ । परिषद्को नेतृत्वमा पोखराका विभिन्न पर्यटनसँग सम्बद्ध संघ संस्थाका प्रतिनिधिसहितको एक टोलीले हालै लमजुङ राइनासको तल्लो मर्स्याङ्दी नदीमा करिब २६ किलोमिटर जलयात्रा गरेर पर्यटन प्रवर्द्धनको प्रयास गरेको हो । पोखरास्थित र्‍यापिड रनर एक्सपिडिसन्स प्रालिसँगको सहकार्य र नेपाल पर्यटन बोर्डको सहयोगमा ओभेलमा परेका गन्तव्यलाई प्रवर्द्धन गर्नका लागि परिषद्ले मर्स्याङ्दी



नदीको तल्लो भाग र्‍याफ्टिङलाई छनोट गरेको अध्यक्ष गोपीबहादुर भट्टराईले जानकारी दिनुभयो ।

उहाँले भन्नुभयो "कोरोना पछि विस्तारै चलायमान हुँदै आएको पर्यटन क्षेत्रमा साहसिक खेलको रूपमा पर्यटकले मनोरञ्जन लिन सक्ने र्‍याफ्टिङ प्रवर्द्धन गर्नका लागि पोखरा नजिकको उक्त गन्तव्यलाई छनोट गरेका हौं ।" अध्यक्ष भट्टराईले पछिल्लो समय साहसिक पर्यटनमा आन्तरिक तथा बाह्य पर्यटकको रूचि बढ्दै गएकाले यस्ता गन्तव्यको पहिचान र प्रवर्द्धन आवश्यक रहेको उल्लेख गर्नुभयो । कोभिड–१९ ले थलिएको पर्यटनलाई पुनः सञ्चालन गर्न, जलयात्राको वृहत सम्भावना बोकेका नदी संरक्षणसँगै यसको अतिक्रमण रोक्न र अव्यवस्थित विकासले उत्पन्न गराएको विनाश रोक्नका लागि सन्देश प्रवाहका लागि दुईदिने प्रवर्द्धनात्मक कार्यक्रम गरिएको उहाँको भनाइ थियो।

पोखराबाट करिब दुई घण्टामै पुगिने तल्लो मर्स्याङ्दीबाट जलयात्राको आनन्द लिन सकिने भएकाले यसलाई प्रचार प्रसार गर्न सके आन्तरिक तथा बाह्य पर्यटकका लागि उत्कृष्ट गन्तव्यको रूपमा विकास गर्न सकिने अध्यक्ष भट्टराईले जोड दिनुभयो । सरकारले सानासाना हाइड्रोपावरका लागि जहाँपायो त्यहीका नदीलाई लाइसेन्स वितरण गर्दा पर्यटकीय महत्वका धेरै नदीको प्रकृतिक स्वरूप नष्ट हुँदै गएकामा चिन्ता व्यक्त गर्दै उहाँले भन्नुभयो "हामीलाई प्रकृतिले धेरै कुरा दिएको छ तर सरकारले तिनको महत्व नबुझ्दा धेरै गुमिसक्यो । अब बचेका केही महत्वपूर्ण गन्तव्यको संरक्षणमा स्थानीय निकाय र पर्यटनका सरोकारवालाहरूले चासो दिएर पहल गर्नुपर्छ" अध्यक्ष भट्टराईले अव्यवस्थित नदी उत्खनन हुँदा त्यसको बहावमा समेत असर पर्ने भएकाले जलयात्राका लागि उपयुक्त नदीहरू मासिदै जाने अवस्था रोक्न सरकारको ध्यानाकर्षण गराउनु पर्नेमा जोड दिनुभयो ।

र्‍यापिड रनर एक्सपिडिसन्सका प्रबन्धनिर्देशक एवम् र्‍याफ्टिङ एशोसियिशन गण्डकी च्याप्टरका अध्यक्ष वीरेन्द्र लामाले जलयात्रामा आन्तरिक तथा बाह्य पर्यटकको रूचि बढ्दै गएपनि कुन कुन स्थानमा कति बहावको जलयात्रा सञ्चालनमा छ भन्ने कुरा पर्यटकलाई जानकारी नहुँदा महत्वपूर्ण जलयात्रा स्थलहरू ओभेलमा परेको बताउनुभयो । सरकारले जलयात्राका लागि महत्वपूर्ण रहेका नदी संरक्षणमा ध्यान नदिँदा यस्ता गन्तव्य मासिदै जान लागेको उहाँको गुनासो थियो । अध्यक्ष लामाले भन्नुभयो "मध्यमर्स्याङ्दी जलविद्युत आयोजनाको ड्याम बन्नु अघि न्यादी वा नजिकैको खुदीबाट बेसीशहर हुँदै बिमलनगरसम्म चार दिनको र्‍याफ्टिङ विदेशीले निकै रूचाउँथे तर अहिले दुई दिनमा सीमित भएकाले यसको आकर्षण पनि कम भएको हो कि भन्ने आभास भएको छ।" जलयात्राको सम्भावना भएका नदीको अध्ययनसहित सरकारले नदी नीति ल्याएर यसको संरक्षण र प्रवर्द्धनमा भूमिका निर्वाह गर्नुपर्ने उहाँको भनाइ थियो ।

अध्यक्ष लामाका अनुसार नदीमा हुने बहावका आधारमा गरिने वर्गीकरणमा मर्स्याङ्दीमा तीनदेखी पाँच प्लस सम्मका छालहरू छन् । माथिल्लो मर्स्याङदीमा चार प्लस र पाँच प्लसको छाल रहेको छ भने तल्लो मर्स्याङ्दीमा तीनदेखि तीन प्लससम्मको छ । गण्डकी प्रदेश भित्रको जलयात्रामा कालीगण्डकी अलि बढी प्रसिद्ध छ भने माथिल्लो मस्याङ्दी अलि बढी साहसिक मानिन्छ, यो विश्वको टप पाइभमा पनि पर्दछ । तल्लो मर्स्याङदी कम जोखिममा पर्दछ। नेपालका १६ वटा नदीमा र्‍याफ्टिङ हुने गरेको छ । जलयात्राका लागि दर्ता भएका १००भन्दा बढी र्‍याफ्टिङ कम्पनीमध्ये ८० वटा सञ्चालनमा छन्। सुरक्षाका सम्पूर्ण उपाय अपनाएर गरिने जलयात्रामा डुङ्गा पल्टाएर पनि जलयात्राको आनन्द लिइन्छ, जहाँ आयोजकहरूबाट ४० सेकेन्ट भित्र रेस्क्यु गरिने हुँदा जोखिम न्यून हुन्छ ।

जलयात्रा गराउने रिभर गाइडहरूले दुई वर्षको तालिम लिएपछि तेस्रो वर्ष मात्र लाइसेन्स दिइन्छ । तीन तहसम्मको नदीको बहावमा चलाउन सक्ने भएपछि मात्र व्यावसायिक अनुमति मिल्छ । चार र पाँच प्लसमा चलाउन सक्नेहरूलाई अन्तर्राष्ट्रिय लाइसेन्स प्रदान गरिन्छ। नेपालभर करिब चार हजार रिभर गाइडले लाइसेन्स प्राप्त गरेको अध्यक्ष लामाले जानकारी दिनुभयो। जलयात्रामा प्रशस्त संभावना भएपनि नेपालमा सरकारी तहबाट सहयोग नभएको उहाँको गुनासो थियो ।

अध्यक्ष लामाका अनुसार असोज, कार्तिक, मंसिर, फागुन, चैत र बैशाख जलयात्राका लागि उपयुक्त मानिन्छ। लमजुङ राइनास नगरपालिका वडा नं ७ स्थित विरौटाको मर्स्याङ्दी नदी किनारमा र्‍यापिड रिसोर्ट एन्ड र्‍याफ्टिङ सञ्चालन गर्नुभएका सुरेन्द्र नखोलाले कोरोनापछिको समयमा जलयात्राको बारेमा जानकारी लिने र जलयात्रा गर्न आउनेको संख्यामा विस्तारै बढ्न थालेको बताउनुभयो । उहाँले केही दिन अघि मात्र नेदरल्याण्डको एक टोली आएको र अहिले आन्तरिक पर्यटकले पनि विशेष रूचि लिएर आउन थालेका छन् भन्नुभयो । रासस

# हार्दैमा जीवन सकिदैन : व्यासकी उपप्रमुख उम्मेदवार घर्ती

**भञ्ज्याङ समाचारदाता**/दमौली

तनहुँको व्यास नगरपालिकामा नेकपा एमालेबाट उपप्रमुखका उम्मेदवार बसुन्धरा घर्तीले हार्दैमा जीवन नसकिने बताएकी छन् । नगरपालिकाको मतपरिणाम सार्वजनिक भएपछि घर्तीले आफूलाई मतदान गर्ने सबैलाई आभार व्यक्त गर्दै एकपटक हार्दैमा अगाडिको यात्रा नरोकिने बताएकी हुन् ।उनले नगरपालिकामा केही परिवर्तन गर्नुपर्छ भन्ने उद्देश्यले धेरै आशा अपेक्षा र विश्वासका साथ प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सिंगो पार्टी पंक्ति नेता कार्यकर्ता आफ्न आफन्त र आफ्नो अमुल्य मतदान दिनुहुने सम्पूर्ण मतादाता आदरणीय न्यायप्रेमी नगरबासी आमाबुबा दाजुभाइ दिदीबहिनीहरूमा हार्दिक आभार प्रकट गर्दै स–प्रणाम एवं हार्दिक धन्यवाद दिएकी छन् ।

यस्तै, उनले यो निर्वाचनले अझ धेरै नगरवासीको मन जित्न बाँकी छ भन्ने पाठ सिकाएको उल्लेख गर्दै सम्मानजनक मतदानले अझै अगाडि बढ्ने प्रेरणा प्राप्त भएको बताएकी छन् । स्थानीय तह निर्वाचन अन्तर्गत व्यास नगरपालिकाको उपप्रमुख पदमा कांग्रेसका इन्दिरा दरैसंग पराजित भएकी घर्तीले १० हजार ४२ मत प्राप्त गरेकी छन भने दरैले १३ हजार ४९८ मत प्राप्त गरी निर्वाचित भएकी छन् ।



व्यासको प्रमुखमा निर्वाचित बैकुण्ठ न्यौपानेलाई बधाई दिंदै एमालेबाट उपप्रमुख पदकी उम्मेदवार बसुन्धरा घर्ती । *तस्विर : भञ्ज्याङ*

## facebook twitter

**सविन के.सी**

twitter.com/kcsabin2014
"आशावाद" मनव जीवनको सबैभन्दा महत्वपूर्ण गुण हो, जसको सम्बन्ध हामिले प्राप्त गर्ने सफलता र खुशीसंग अन्य कुनै कुराभन्दा बढी रहेको हुन्छ । जहाँ आसा र अपेक्षा रहन्छ त्यहाँ प्रयास पनि रहन्छ। त्यसैले निरासाको तप्कालाई हमेसा आशाको दियोले सजाउने प्रयास गरौं !

**मेरो नेपाल**

twitter.com/jun_spk
नारी र पुरूष प्रतिस्पर्धी होइनन् परिपुरक हुन् दुवै विना संसारको कल्पना पनि गर्न सकिदैन । भगवानले नै एक विना अर्को अपुरो र अधुरो हुने गरी बनाएका छन्, यो तितो सत्यलाई आत्मसाथ गरौं ।

**करूणा**

twitter.com/karunakcdotel12
अनुभवले सिकाउछ मान्छेलाई आफुले गरेको कर्म, राम्रो नराम्रो भोगाइ गराई काम र कर्तव्य यिनिहरूले सिकाउछन्। हामीलाई तर सबैलाई अनुभवले नसिकाउन पनि सक्छ है ।

**दिपक शर्मा मरासिनी**

twitter.com/maraseni15
कुनै खेल हारिसकेपछि यसो गरेको भए जितिन्थ्यो कि जस्तो लाग्छ । कुनै मुटु दुखाइसकेपछि नदुखाएको भए हुन्थ्यो कि जस्तो लाग्छ । कुनै नाता तोडिएपछि यसो गरेको भए जोगिन्थ्यो कि जस्तो लाग्छ । जीवन पश्चातापहरूकै योगफल न रहेछ। मनमा खत नबोकेको मान्छेले कहाँ सिक्नु र जीवनको पाठ ।

# पीडितलाई न्याय दिन सञ्जाल तनहुँको माग

**भञ्ज्याङ समाचारदाता**/दमौली

आठ वर्षअघि आफुमाथि यौन शोषण भएको घटना सार्वजनिक गरेकी एक युवतीलाई महिला मानव अधिकार रक्षक सञ्जाल तनहुँले पनि साथ दिएको छ। सन् २०१४ मा भएको मिस ग्लोबल इन्टरनेशल प्रतियोगितामा सहभागी भएकी सुस्मिता रेग्मीलाई सोही कार्यक्रमको आयोजकले बलात्कार गरेको घटना देशव्यापि रूपमा विरोध भइरहेको बेला सञ्जालले पनि दोषिलाई कारवाहीको माग तथा बलात्कार सम्बन्धी कानुन संशोधनको माग गर्दै प्रमुख जिल्ला अधिकारी मार्फत प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको हो ।

सञ्जालले सोमबार प्रमुख जिल्ला अधिकारी विश्वप्रकाश अर्याल मार्फत दोषी उम्किने वातावरण नबनोस् र पीडित थप पीडित बन्ने अवस्था नआओस् भन्दै सञ्जालकी अध्यक्ष कल्पना पौडेलको नेतृत्वको टोलीले ज्ञापनपत्र बुझाएको हो ।

यस्तै, हदम्याद सम्बन्धी कानुन व्यवस्थाले बल्लतल्ल न्यायको लागि आवाज उठाएकी पीडितलाई हतोत्साहित गर्ने र अन्य यस्ता प्रकृतिका घटनाबाट पीडित भएकाहरूलाई पनि आवाज उठाउन साहस नआउने भन्दै हदम्याद खारेज गर्नुपर्ने सञ्चालले माग गरेको छ । बलात्कार जस्तो जघन्य अपराधमा पीडितहरूले हदम्यादकै कारण न्याय पाउनबाट बञ्चित नहुन भन्ने उद्देश्यले हदम्याद खारेज हुनुपर्ने सञ्जालले माग राखेको छ ।





# शुक्लागण्डकीमा जबरजस्ती करणीको अभियोगमा विक पक्राउ

**भञ्ज्याङ समाचारदाता**/दमौली

२६ वर्षीया महिलालाई जबरजस्ती करणी गरेको अभियोगमा शुक्लागण्डकी नगरपालिका–१० मान्द्रेका ३२ वर्षीय जीवन विक भन्ने जुठे विक पक्राउ परेका छन्। विकलाई प्रहरीले आइतबार पक्राउ गरेको हो । विकले ती महिलालाई शुक्लागण्डकी नगरपालिका–१० छाब्दीस्थित जंगलको झाडीमाजेठ १ गते साँझ जबरजस्ती करणी गरेको भन्ने खबर प्राप्त हुनासाथ ईलाका प्रहरी कार्यालय बेलचौताराबाट खटिएको प्रहरीले उनलाई पक्राउ गरेको हो यस सम्बन्धमा प्रहरीले आवश्यक अनुसन्धान गरिरहेको छ ।

www.bhanjyangnews.com

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास–२, दमौली, तनहुँ । **फोनः ०६५–५६३९०७**, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :– विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५–५६०१२४